# अमेरिकी मिल्लेंनियम च्यालेन्ज कर्पोरेसन र नेपाल

## परिचय

मिल्लेंनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) एक नवीनतम र स्वतन्त्र अमेरिकी वैदेशिक सहयोग नियोग हो, जसले विश्वव्यापी गरिबीविरुद्धको सङ्घर्षको नेतृत्व गर्न सघाइरहेको छ । अमेरिकी कंग्रेसद्वारा सन् २००४ मा गठित एमसीसीले असल नीति, मुलुकको अपनत्व र प्रतिफलमा केन्द्रित रहँदै अमेरिकी अन्तर्राष्ट्रिय वैदेशिक सहायता प्रदान गरिरहेको छ । एमसीसी तीक्ष्ण अमेरिकी सरकारी सहायताको व्यावहारिक पक्षको उत्कृष्ट उदाहरण हो, जसले विकासोन्मुख देश र अमेरिकी करदाता दुवैलाई निम्न प्रकारबाट लाभ पुऱ्याउँदछ :

- प्रतिस्पर्धात्मक छनोट : कुनै पनि देश सहायता प्राप्त गर्नका लागि योग्य हुनुअघि एमसीसीको सञ्चालक समितिले उक्त देशका स्वतन्त्र र पारदर्शी नीति सूचकाङ्कसम्बन्धी कार्यसम्पादनको निरीक्षण गर्दछ र एमसीसी सहयोगका लागि योग्य देशहरूलाई नीतिगत कार्यसम्पादनका आधारमा छनोट गर्दछ । एमसीसीले असल शासन, आर्थिक स्वतन्त्रता र आफ्ना नागरिकमा लगानी गर्ने कार्यप्रति प्रतिबद्ध देशहरूसँग साझेदारी विकास गर्दछ ।
- देशले नेतृत्व बहन गरेको समाधान : छनोटमा परेका देशहरूले दिगो आर्थिक वृद्धि हासिल गर्न र गरिबी न्यूनीकरण गर्नका लागि आफ्ना प्राथमिकता पहिचान गर्नु पर्दछ भन्ने एमसीसीको विश्वास रहेको छ । देशहरूले आफ्ना एमसीसीसम्बन्धी प्रस्तावहरू आफ्नो समाजभित्र व्यापक परामर्श गर्दै तयार पार्दछन् । त्यसपछि देशहरूलाई कार्यक्रम परिष्कृत बनाउन सघाउनका लागि एमसीसी टोलीहरूले निकट साझेदारीमा काम गर्दछन् ।
- देशले नेतृत्व बहन गरेको कार्यान्वयन : एमसीसीले मिल्लेंनियम च्यालेन्ज अकाउन्ट (एमसीए) सञ्चालन गर्दछ । कुनै पनि देशलाई एमसीसी सहयोग प्रदान गरिएपछि उक्त देशले कार्यान्वयनका सबै पक्षलाई व्यवस्थापन र रेखदेख गर्नका लागि एमसीएप्रति जवाफदेही रहने आफ्नै स्थानीय निकाय गठन गर्दछ । कोषको अनुगमन दुरुस्त र पारदर्शी हुन्छ ।

एमसीसीका अनुदानहरूले अन्य अमेरिकी तथा अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरूलाई पूर्णता प्रदान गर्दछन् । एमसीसीका अनुदानहरू मुख्य गरी दुई प्रकारका छन् : कम्प्याक्ट र थ्रेसहोल्ड कार्यक्रम । कम्प्याक्ट भनेको विशाल, पञ्च-वर्षीय अनुदान हो, जुन एमसीसीको योग्यताका मापदण्ड पूरा गर्ने देशहरूलाई प्रदान गरिन्छ । थ्रेसहोल्ड कार्यक्रम भनेको चाहिँ यस्ता मापदण्ड पूरा गर्ने दिशामा नजिक पुगेका र आफ्नो नीतिगत कार्यसम्पादनको सुधारमा दृढ रूपमा प्रतिबद्ध रहेका देशहरूलाई प्रदान गरिने सानो अनुदान हो ।

## नेपालको योग्यता

सन् २०१४ को डिसेम्बरमा एमसीसीको सञ्चालक समितिले नेपाललाई कम्प्याक्ट कार्यक्रम विकास गर्न योग्य देशका रूपमा छनोट गऱ्यो । कम्प्याक्ट विकासको प्रक्रियाभरि नेपालले एमसीसीको प्रतिस्पर्धात्मक छनोट प्रक्रियामा प्रयोग भएका नीतिगत सूचकाङ्कमा राम्रो कार्यसम्पादन गरिरहनु पर्दछ । डिसेम्बर २०१५ मा एमसीसीको सञ्चालक समितिले फेरि पनि नेपाललाई कम्प्याक्ट कार्यक्रम विकास गर्न योग्य देशका रूपमा छनोट गऱ्यो ।

## कम्प्याक्ट विकास

नेपाल सरकार र एमसीसीले मुलुकको आर्थिक वृद्धिका बाधकसम्बन्धी विस्तृत विश्लेषण गर्नुका साथै सरोकारवालाहरूसँग परामर्श गरेका छन् । खोजहरूका आधारमा नेपाल सरकार एमसीसीसँग विद्युत् र यातायात क्षेत्रका चुनौतीहरूलाई सम्बोधन गर्ने कम्प्याक्ट कार्यक्रमको खोजीनिती गर्नका लागि सहकार्य गर्न सहमत भएको छ । नेपाल सरकारले एक समर्पित कम्प्याक्ट विकास टोली गठन गरेको छ, जसमा अनुभवी पेशाकर्मीहरू समावेश छन् । एमसीसीको लगानीसम्बन्धी मापदण्ड पूरा गर्ने निश्चित कम्प्याक्ट मापदण्डहरू पहिचान गर्नका लागि सम्बन्धित निकाय, नागरिक समाज, विकास साझेदार र अन्य सरोकारवालाहरूसँग थप परामर्श सुरु गर्नका लागि यस टोलीले एमसीसीसँग काम गरिरहेको छ । कम्प्याक्ट विकासका लागि घटीमा २४-२७ महिना लाग्नसक्छ । तर प्रस्तावित परियोजना तथा अन्य विषयवस्तुको जटिलता हेरी बढी समय पनि लाग्नसक्छ । कम्प्याक्ट कार्यक्रम तर्जुमा भइसकेपछि त्यसलाई एमसीसीको सञ्चालक समिति समक्ष पेश गरिन्छ र स्वीकृतिका लागि विचाराधीन राखिन्छ । स्वीकृत भएमा कार्यान्वयनका लागि कार्यक्रम तयार पार्न नेपालले केही महिनाको समय पाउनेछ भने कार्यक्रम सुरु भएको मितिबाट त्यसलाई पूरा गर्न पाँच वर्षको समय पाउनेछ ।

Contact: Himesh Dhungel, Country Director; Tel: +977 1 423-4042; +977 98010 10821
www.mcc.gov